## कर्णाली डेभलपमेन्ट बैंक लि.को विशेष छानबिन समितिको प्रारम्भिक छानबिन प्रतिवेदन

मिति २०८१ साल पौष ०५ गते यस कर्णाली डेभलपमेन्ट बैंक लि. को संचालक समितिको विशेष बैठकको प्रस्ताव नं २ अनुसार सेवाग्राहीलाई बचत फिर्ता गर्न नसकिएको कारणहरु अध्ययन गर्ने, बैंकको आर्थिक अवस्थाको विश्लेषण गर्ने तथा आर्थिक हिनामिना भएको वा नभएको यथार्थ अवस्था पत्ता लगाउन गठित विशेष छानबिन समितिको प्रारभिक प्रतिवेदन तयार गरिएको छ।

यस विशेष छानबिन समिति गठन भए पश्चात सम्बन्धित कर्मचारी तथा व्यक्ति संगको सोधपुछ पछी तपसील बमोजिमको निश्कर्ष निकालिएको छ।

१. यस बैंकमा लगभग १२६ करोड अनियमितता रहेको प्रारम्भिक अनुमान छ। उल्लेखित रकम यस बैंकको नाममा अन्य बैंकमा रहेका खाताहरुको रकम तथा बैंकको CBS मा प्रविष्ट रहेको रकमको अन्तरबाट अनुमान गरिएको छ साथै तालिका संलग्न छ।
२. नेपाल राष्ट्र बैंकमा रहको यस बैंकको खातामा (सि.आर.आर) रहेको मौज्दातमा मिति ०८१ पौष ०७ गते सम्मको रु २२,७४,६१,२८२.१६ मौज्दात रकम देखिएता पनि खातामा लगभग शुन्य मौज्दात रहेको।
३. विभिन्न बैंकको खातामा रहेको मौज्दातको नक्कली Balance certificate बनाई विगत केही बर्ष देखी अपचलनलाई लुकाइएको यस समितिको अनुमान छ।
४. सोधपुछको क्रममा यस अध्ययनमा सीधै संलग्नता पूर्व अध्यक्ष तथा पुर्व CEO/कार्यकारी अध्यक्ष राजेन्द्र बीर राय, पूर्व CEO दिनेश कुमार रावत, पूर्व वित्त विभाग प्रमुख महादेव भन्ने वेद प्रकाश सिंह ठकुरी र हाल प्रमुख कार्यकारी अधिकृत तथा विरिष्ठ वित्त विभाग प्रमुख/CFO नीरज बिक्रम शाहले अपचलन गरेको प्रारम्भिक अनुमान लगाउन सकिन्छ।
५. यस [redacted] छ।
६. अध्यक्ष ओम प्रकाश मिश्राले हालका CEO निरज विक्रम शाह लाई Informal प्रश्न गर्दा लगभग १०० करोड राजेन्द्र बीर रायले तथा बाँकी रकम अन्य ब्यक्तिहरुले अपचलन गरेको भनेका थिए।
७. अध्यक्ष ओम प्रकाश मिश्रा र संचालक निसार अहमद दर्जी, राजेन्द्र बीर राई र नीरज विक्रम शाहलाई संगै राखेर प्रश्न गर्दा राजेन्द्र विर रायले आफु CEO हुँदा सम्मको रकम मात्र अपचलन गरेको स्वीकारेको तथा त्यसपछी अपचलनको जिम्मा आफ्नो नरहेको अभिव्यक्ति दिएका थिए। र यस क्रममा त्यही उपस्थित नीरज विक्रम शाहले यो भनाईको प्रतिवाद नगरेको हुँदा नीरज विक्रम शाहले पहिले दिएको अभिव्यक्ति माथी १०० प्रतिशत एकीन गर्न सकिने अवस्था नरहेको।

८. अपचलन गर्न प्रयोग भएका संभावित तरीका/साधनहरु :
   (क) यस बैंकको cheque बाट अन्य बैंकमा रहेको मौज्दात निकासा गरी बैकमा नवुझाई अन्यत्र लगेर।
   (ख) खातामा Balance नभएकै अवस्थामा पनि Cheque Clearing मार्फत रकमान्तर/चेक भुक्तानी गरेर।
   (ग) सोझै Vault/Teller बाट नगदै पैसा झिकेर।

**समितिको सुझाव :**

१. यस प्रतिवेदनको आधारमा यस कार्यमा संलग्न रहेको राजेन्द्र बीर राय, दिनेश कुमार रावत, वेद प्रकाश सिंह ठकुरी, नीरज विक्रम शाह, [redacted] अनुसन्धान गर्न प्रहरीलाई पत्र पठाउने
२. माथी उल्लेखित सवैको तथा उनको नजीकको नातेदारको सम्पती रोक्का गर्न आवश्यक कदम चाल्ने।
३. नेपाल राष्ट्र बैंकलाई पत्र काटेर तुरंत घटनाको जानकारी गराउने।
४. प्रहरीलाई पत्र काटी प्रधान कार्यालय तथा शाखा कार्यालयलाई सुरक्षा प्रदान गर्न अनुरोध गर्ने।

यस समितिको कार्यअवधी १५ दिनको रहे पनि अपराधको गम्भीर प्रकृती देखिएकाले तुरंत कार्यवाहीको आवश्यक्ता भएको हुनाले हाललाई प्रतिवेदन बुझाई थप अनुसंधानको प्रकृयालाई अगाडी बढाउन ने.रा.बैंक र प्रहरीलाई सहयोग गर्ने।

| | | | | |
|---|---|---|---|---|
| डा.ओम प्रकाश मिश्र<br>संयोजक | युवराज अधिकारी<br>सदस्य | ई.निसार अहमद दर्जी<br>सदस्य | कोमल विष्ट<br>सदस्य | राजकुमार प्याकुरेल<br>(सदस्य सचिव) |